बैठक संख्याः १२ - ०७८/७९

मितिः २०७८/१२/१४

**प्रस्तावहरुः**

प्रस्ताव नं. १ः गुठीको जग्गा गाउँपालिकाको नाममा भोगाधिकार सम्बन्धमा ।

प्रस्ताव नं. २ः गाउँपालिकाको मुख्य प्रशासनिक भवन बहुवर्षिय ३ आ.व. मा सम्पन्न गर्ने गरी बोलपत्र आह्वान गर्नेसम्बन्धमा ।

प्रस्ताव नं. ३ःविद्यालय विदा गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ४ः प्राविधिक धारका विद्यालयलाई बस खरिद गर्न रकम उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. ५ः लक्षित कार्यक्रम स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. ६ः खानेपानीमा लागत सहभागिता रकम व्यहोर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ः लुम्पेक सडक नयाँ ट्रयाकको लागि रकम विनियोजन सम्वन्धमा ।

प्रस्ताव नं. ८ः माझी बस्ती जग्गा व्यवस्थापन सम्वन्धमा ।

प्रस्ताव नं. ९ः विविध सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. १: प्रस्ताव नं. १ माथी छलफल गर्दा पिउनी पानी मुठीको नाममा दर्ता स्रेस्ता कायम रहेको (साविक जोहाङ्ग गा.वि.स. वडा नं. ५) हाल सत्यवती गाउँपालिका वडा नं. ६, खैरेनीको कित्ता नं ४११ क्षेत्रफल ८-१०-२-३ मध्ये ६ रोपनी जग्गा गाउँपालिकाको पूर्ण स्वामित्व हुने गरी सम्बन्धि मोहीहरुबाट सर्वसम्मत निर्णय भई गाउँपालिकाले विगत ५ वर्ष देखि भोगचलन गर्दै आएको र सोही जग्गामा गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माण गर्ने गरी कार्यपालिकाबाट निर्णय भैसकेको र हाल सोही जग्गामा बहुउद्देशीय सभाहल निर्माण सम्पन्न भई सोही भवनबाट गाउँपालिकाका सम्पूर्ण सेवाहरु प्रवाह भइरहेकोले उक्त जग्गा गाउँपालिकाको नाममा रजिष्ट्रेशन पास गर्ने प्रक्रियामा लामो समय लाग्न सकने भएको र भवन निर्माण प्रक्रिया अघि बढिसकेको हुँदा संघीय सरकारले भवन निर्माणमा रकम विनियोजनमा लागत सहभागिता जनाउन भोगाधिकार वा जग्गाधनी प्रमाण पुर्जा आवश्यक पर्ने हुँदा सो जग्गा भोगाधिकार प्रमाण निस्साको लागि राष्ट्रिय भूमी आयोग जिल्ला समन्वय समिति, तम्घासलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २: प्रस्ताव नं. २ माथी छलफल गर्दा यस गाउँपालिको मुख्य प्रशासकीय भवन बहुवर्षिय ३ आ.व. मा सम्पन्न गर्ने गरी बोलपत्र आह्वान गर्ने र यस वर्ष विभिन्न शिर्षकमा खर्च हुने नसकेको रकम प्रशासनीक भवन निर्माण शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथी छलफल गर्दा मिति २०७८/१२/१५ देखि २०७८/१२/१८ गते सम्म शैक्षिक सत्र २०७९ को वर्षे विदाबाट कट्टी हुने गरी सम्पूर्ण विद्यालयहरु विदा गर्ने निर्णय गरियो।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथी छलफल गर्दा प्राविधिक धारका विद्यालयहरुलाई लागत सहभागिताको आधारमा बस खरिद गर्न रु १०,००,०००/- अक्षरुपी दश लाख लागत सहभागिता शिर्षकबाट रकम उपलब्ध गराउने निर्णय गरियो ।

पारिश्वर ढकाल
अध्यक्ष

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथी छलफल गर्दा तपसिलको लक्षित कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल

| क्र. सं | वडा नं | कार्यक्रमको नाम | अनुमानित बजेट | कार्यान्वय गर्ने | समन्वय गर्ने |
|---|---|---|---|---|---|
| १ | १ | परमवित्ता दलित वस्ती गोरेटो बाटो निर्माण | ५०००० | मूल समिति | समूह/वडा कार्यालय |
| २ | १ | शौचालय निर्माण | ७०००० | मूल समिति | समूह/वडा कार्यालय |
| ३ | १ | माझी वस्तीको शौचालय | ५०००० | मूल समिति | समूह/वडा कार्यालय |
| ४ | २ | दलित खानेपानी व्यवस्थान र खोर सुधार कार्यक्रम | १००००० | मूल समिति | समूह/वडा कार्यालय |
| ५ | ३ | बाखा/वंगुर खोर व्यवस्थापन | १००००० | मूल समिति | समूह/वडा कार्यालय |
| ६ | ४ | मगर पोशाक खरिद (लिम्घा) | १००००० | मूल समिति | नेपालि मगर संघ लिम्घा |
| ७ | ५ | आरन व्यवस्थापन | ५०००० | मूल समिति | समूह/वडा कार्यालय |
| ८ | ५ | शौचालय निर्माण | ५०००० | मूल समिति | समूह/वडा कार्यालय |
| ९ | ६ | मगर गाउँ देखि सार्की टोल सम्म खानेपानी पाइपलाइन खन्ने कार्य | १००००० | मूल समिति | समूह/वडा कार्यालय |
| १० | ७ | सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण | १५०००० | मूल समिति | समूह/वडा कार्यालय |
| ११ | ७ | सामुदायिक भवन तथा रङ्गरोगन | ५०००० | मूल समिति | समूह/वडा कार्यालय |
| १२ | ७ | फुर्लुङ्ग पञ्चेबाजा समूह | ५०००० | मूल समिति | समूह/वडा कार्यालय |
| १३ | ८ | पञ्चेबाजा खरिद | ५०००० | मूल समिति | झुलेनी बाजा समूह भार्से |
| १४ | ८ | बाखा खोर व्यवस्थापन | ५०००० | मूल समिति | समूह/वडा कार्यालय |
| | | जम्मा | १०२०००० | | |

| क्र.सं | कार्यक्रमको नाम | अनुमानित बजेट | कार्यान्वय गर्ने | समन्वय गर्ने |
|---|---|---|---|---|
| १ | बल बहादुर नेपालीको घर मर्मत संभार | १००००० | मूल समिति | गाउँपालिका कार्यालय |
| २ | चेहेमी भवन स्तरोन्नती | ५०००० | मूल समिति | समूह/वडा कार्यालय |
| ३ | लुम्पेक मगर पञ्चे बाजा खरिद | ५०००० | मूल समिति | समूह/वडा कार्यालय |
| ४ | लिम्घा स्याङ बञ्चेबाजा खरिद | १००००० | मूल समिति | समूह/वडा कार्यालय |
| ५ | आरन व्यवस्थापन ठूलो लुम्पेक | ३०००० | मूल समिति | समूह/वडा कार्यालय |
| ६ | बाखा खोर व्यवस्थापन | ५०००० | मूल समिति | समूह/वडा कार्यालय |
| ७ | लुम्पेक घर मर्मत तथा संभार (टिन खरिद) | ३०००० | मूल समिति | समूह/वडा कार्यालय |
| ८ | वडा नं ५ को दलित लक्षित कार्यक्रम | १७००० | मूल समिति | समूह/वडा कार्यालय |
| | जम्मा | ४२७००० | | |
| | वडागत कार्यक्रम | १०२०००० | | |
| | आवश्यकता पहिचानको आधारमा कार्यक्रम | ४२७००० | | |
| | जम्मा | १४४७००० | | |

निर्णय नं. ६: प्रस्ताव नं. ६ माथी छलफल गर्दा पिपलनेटा, लिम्घा र हँसरामा ब्रिटिस वेलफेयरद्वारा सञ्चालित खानेपानी आयोजना उपभोक्ताले व्यहोर्ने लागत सहभागिता रकम बढी भएको, अति विपन्न दलित वस्ति भएका कारण सहभागिता रकम व्यहोर्न नसक्ने, त्यसलाई आयोजना सम्पन्न गर्न बाधा पुग्न सक्ने भएकोले लागत अनुमान, प्राविधिक मुल्याङ्कन, प्रमाणित विल भरपाई र वडाको सिफारिस समेतको आधारमा आवश्यकता पुस्ट्याई भई आयमा लागत सहभागिता शिर्षकबाट बढीमा रु ५ लाख भित्र रही सम्बन्ध उपभोक्ता समितिलाई भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ७: प्रस्ताव नं. ७ माथी छलफल गर्दा ठूलो लुम्पेक दाङ्सिहा क्वाङ्ग सत्यवती घडेरी मोटर बाटोको काम कडा चट्टान भई निर्माण अगाडी बढ्न नसकेको तर त्यहाँका जनतालाई आवतजावत गर्न वैकल्पिक बाटो नभएकोले सोही बाटोबाट जोखिमयुक्त यात्रा गरिरहेकोले नयाँ ट्र्याकको लागि उपयुक्त शिर्षकबाट रु २,००,०००/- अक्षरुपी दुई लाख रुपैया उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८: प्रस्ताव नं. ८ माथी छलफल गर्दा वडा नं. १ का माझीहरुले गरिवीका कारण आफै जग्गा व्यवस्थापन गरी बसाई गर्न नसकेकोले उनीहरुलाई जग्गादाताको राजिनामा र वडाको सिफारिसको आधारमा माझी बस्ती जग्गा व्यवस्थापन र रुद्रवेणी शौचालयको लागि रु ३,००,०००/- अक्षरुपी तीन लाख रुपैया उपलब्ध गराउने निर्णय गरियो ।

विविध ९ (क): रुद्रवेणी, शाहाघाट, खैरेनी, अरुङ्गा, चोरकाटे, उल्लीखोला, वडाका केन्द्रहरु, अक्षेवा चौर र ठूला बगर घाटमा सडक बत्तीको जडान गर्न अनुमतिको लागि नेपाल विद्युत प्राधिकरण, तम्घासलाई अनुरोध गर्ने निर्णय गरियो ।

(ख): हँसरा, जोहाङ्ग र ठूलो लुम्पेक आमा समूहको भवन निर्माणको लागि महिला शिर्षकबाट आवश्यकताको आधारमा रकम उपलब्ध गराउने निर्णय गरियो ।

(ग): लक्षित वर्गको कार्यक्रम मूल समिति मार्फत गराउने र उक्त समितिलाई कार्यसम्पादनको लागि १ थान ल्यापटप यस कार्यालयमा रहेको मौज्दातबाट काम सम्पन्न पश्चात फिर्ता गर्ने गरी उपलब्ध गराउने निर्णय गरियो ।